
# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०७९

हलेसी तुवाचुङ
नगरकार्यपालिका कार्यालय

प्रदेश नं १, खोटाङ
नेपाल

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति, २०७९




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

(लैससास) नीति, २०७९

## नगर प्रमुखको भनाई

विश्ववमा लैङ्गिक असमानता तथा सामाजिक वञ्चितिकरण सबैको चासोको विषय भएको छ । विगत केही दशक देखि विश्वभर लैगिक समानता तथा सामाजिक समावेशीकरण लैससासको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको देखिन्छ ।

यसै क्रममा नेपालमा पनि विभेद रहित समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तको आधारमा समतामुलक समाजको निर्माण गर्ने लैङ्गिक समानता सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको क्षेत्रमा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु पुरा गर्दै अगाडी बढीरहेको छ ।

यसै सन्दर्भमा, खासगरी नेपालको सविधान २०७२ को प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समता मुलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ ।

यसै गरि सविधानको धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक, धारा ४२ ले सामाजिक न्यायको हक धारा ४३ ले सामाजिक सुरक्षाको हक सुनिश्चित समानुपातिक समावेशी र सहभागीतामुलक सिद्धान्तका आधारमा समातमूलक समाजको निर्माण गर्ने प्रावधानहरुको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरु नागरिकहरुले उपभोग गर्ने सक्ने वातावरण सिर्जना गर्न आजको समयको माग तथा आवश्यकता हो ।

त्यसैले विभिन्न सरोकारवालाहरुसँगको छलफल एवम् प्राप्त सल्लाह सुझावका आधारमा तयार गरिएको यस नीतिको सफल कार्यान्वयनका लागि राजनितिक प्रतिबद्धता इच्छाशक्ति र स्रोत साधनको परिचालन समन्वय र जनचेतना अभिवृद्धि गरी नगरपालिकाको हरेक विकास योजना परियोजनामा तथा कार्यक्रमहरुमा लैससालाई मुलप्रवाहीकरण गर्ने सोच स्रोत साधनको परिचालन अन्तर निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने कार्यमा प्रतिवद्धता व्यक्त गर्दछु । यस नितिको माध्यमबाट नगरपालिका र माताहतका निकायहरुमा के कहाँ कसरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री वातावरण सिर्जना गर्ने कुराको समेत जानकारी प्राप्त हुनेछ र यस मार्फत नगरपालिकाले संस्थागत रुपमै लागु गर्ने कार्यमा सफलता मिल्ने समेत विश्वास पनि लिएको छु ।

यो नीति तयार गर्ने क्रममा आफ्ना बहुमुल्य सझावहरु सहित निरन्तर सहयोग गर्नु हुने नगरपालिकाको निर्वाचित जनप्रतिनिधिहरु, महिला तथा बालबालिका शाखाका कर्मचारी, वडाबासीहरु, सामाजिक समावेशीकरणको क्षेत्रमा कार्यरत अन्य सबै सरोकारवालाहरु तथा परामर्शदाता सबैलाई बधाई तथा धन्यवाद दिन चाहन्छु ।अन्तमा, यस लैससास निति तयार गर्न प्राविधिक सहयोग गर्नुहुने REED Nepal र अष्ट्रेलियन एड प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

विमला राई
नगर प्रमुख

# नगर उपप्रमुखको भनाई

लैङ्गिक समानता तथा समावेशीकरण वहु-क्षेत्रगत सवाल हो । यो विश्वको चासो वा सरोकारको विषय पनि हो । नेपालको संविधानमा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । नेपालले विभेदरहित समानुपातिक समावेशी र सहभागितामूलक सिद्वान्तका आधारमा समतामुलक समाजको निर्माण गर्ने विषयमा अन्तराष्ट्रिय संघ संस्थाहरुमा विभिन्न प्रतिवद्धताहरु समेत जनाएको छ । त्यसैगरि दिगो विकासका लक्ष्यहरु हासिल गर्ने नेपालको प्रयत्नमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नितिको ठुलो भुमिका हुन्छ ।

यिनै माग तथा आवश्यकतालाई मध्यनजर गर्दै हलेसी तुवाचुङ नगरपालिकाले संचालन गर्ने विभिन्न योजना तथा कार्यक्रमहरुका साथै यसको संरचनामा लैससाससँग सम्बन्धित क्रियाकलापहरुलाई एकीकृत रुपमा निर्माण गरी कार्यान्वयन गर्नका लागि आवश्यक मार्गदर्शन प्रदान गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निति तयार गरी प्रकाशित हुन लागेको छ । नगरपालिकाको हरेक क्रियाकलापमा लैंङ्गिक समानता र सामाजिक समावेशीकरणमैत्री बनाउन यसको पूर्ण कार्यान्वयन हुने कुरामा म विश्वस्त रहेको छु । जसको लागि आवश्यक सहयोग र समन्वय र सहकार्य सदैव रहने प्रतिवद्धता समेत व्यक्त गर्दछु ।

तसर्थ, यस लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण आवश्यक सुझाव सहित पारित गरि सहयोग गर्नुहुने नगर प्रमुख ज्यूप्रति विशेष आभार व्यक्त गर्न चाहन्छु । यस निति तयार गर्न सहयोग गर्नुहुने निर्वाचित जनप्रतिनिधि महिला तथा बालबालिका शाखा कर्मचारी तथा अन्य सरोकारवाला पक्षहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।अन्तमा, यस लैससास निति तयार गर्न प्राविधिक सहयोग गर्नुहुने REED Nepal र अष्ट्रेलियन एड प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

रमेश कुमार राउत
नगर उप प्रमुख

# विषयबस्तु


परिच्छेद १: परिचय....................
परिच्छेद २. नगरपालिकाको लैससासको अवस्था....................
परिच्छेद ३. लैससासकोनीतिको आवश्यकता....................
परिच्छेद ४. सोच, लक्ष्य र उद्देश्यहरु....................
४.१ सोचः....................
४.२ लक्ष्य....................
४.३ उद्देश्यहरु....................
परिच्छेद ५. प्रमुखनीतिहरु....................
परिच्छेद ६. रणनीति तथा कार्यनीतिहरु....................
परिच्छेद ७. लैससासनीतिको कार्यान्वयन र अनुगमन तथा मुल्यांकन ....................
७.१ लैससास नीतिको कार्यान्वयन ....................
७.२ लैससास नीति को अनुगमन तथा मुल्यांकन....................
परिच्छेद ८. नीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरु ....................
८.१ नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन ....................
परिच्छेद ९. लैससास अभियानका लागि सरोकारवालाहरु ....................
परिच्छेद १०. नीतिको प्रचार प्रसार ....................
परिच्छेद ११. नीतिको पुनरावलोकन ....................
परिच्छेद १२. मुल्यमान्यताहरु ....................
परिच्छेद १३. दिगो विकास लक्ष्य ४ र ५ ....................
परिच्छेद १४. नेपालको संविधान २०७२ को मौलीक हक र कर्तब्य अर्न्तगतका ब्यबस्थाहरुः....................
१४.१ धारा १८ समानताको हकको व्यवस्था अनुसार....................
१४.२ धारा २४ छुवाछूत तथा भेदभाव विरुद्धको हकको ब्यबस्था अनुसार ....................
१४.३ धारा ३८ महिलाको हकको ब्यबस्था अनुसार....................
१४.४ धारा ३९ बालबालिकाको हकको ब्यबस्था अनुसार....................
१४.५ धारा ४० दलितको हकको ब्यबस्था अनुसार....................
१४.६ धारा ४२ सामाजिक न्यायको हकका ब्यबस्था अनुसार....................
परिच्छेद १५. सन्दर्भ सूची....................

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति २०७९

## १. परिचय

वि.सं. २०७२ मा जारी नेपालको संविधानमा राज्यकानिर्देशक सिद्धान्तहरू अन्तर्गत नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता र स्वाधीनतालाई सर्वोपरि राख्दै नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी कानूनको शासन, मौलिकहक तथा मानवअधिकारका मूल्य र मान्यता, लैंगिक समानता, समानुपातिक समावेशीकरण,सहभागिता र सामाजिकन्यायको माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्थाकायम गर्ने उल्लेख छ । अत यस गाँउपालिकाकाले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुत्त विशेषतालाई आत्मसाथ गर्दै वर्गीय जातीय, लैङ्गिक विभेद र सबै प्रकारका जातिय छुवाछुतको अन्त्य गरी न्यायपूर्ण समाज स्थापना गर्ने, लैङ्गिक समानता, समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समता मूलक समाजको निर्माण गन जरुरी छ ।

हलेसी तुवाचुङ नगरपालिका  एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवम् बहुसाँस्कृतिक नगरपालिका हो ।
प्रत्येक समुदाय,जातजातिहरुको समानुपातिक,सन्तुलित र न्याय सँगत प्रगति हुन सके मात्रै गाउँपालिकमा दिगो शान्ति र उन्नति प्रत्याभूत हुन्छ।  हाम्रो समाजमा विद्यमान लैङ्गिक,जातीयअसमानता, विभेदयुक्त व्यवहार र मान्यता, महिला हिंसातथा उत्पीडन, गरिवी जस्ता विसंगतिहरुलाई निरुत्साहित गर्न नगरपालिका द्वारा सरकारी, गैर सरकारी क्षेत्र, निजी क्षेत्र तथानागरिक समाज र दातृ निकाय समेतको सहयोग परिचालन गरी कार्यहरु हुदै आइरहेका छन्।

यस भूभागमा बसोवास गर्ने सामाजिकवा साँस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित,आदीवासी जनजाती, उत्पिडितवर्ग, लैङ्गिकतथा यौनिक अल्पसंख्यक, वालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गताभएका व्यक्ति, असक्त वा असहाय, आर्थिकरुपले विपन्न यस भूभागमा वसोवास गर्ने नागरिकहरुको संरक्षण, सशक्तिकरण वा विकास परिकल्पनाको साथ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति, २०७७ लाई पारित गरी जारी गरिएको छ ।

## २. नगरपालिकाको लैससासको अवस्था

लैससास सम्वन्धी अन्तरराष्ट्रिय तथा राष्ट्रिय तहमा रहेका नीतिगत व्यवस्थाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्न यस नगरपाालिकामा लैससासलाई नीतिगत रुपमा प्राथमिकतामा राखिएको छ । वार्षिक नीति तथा कार्यक्रमहरुमा लक्षितवर्गको लागि छुट्टै बजेट तथा कार्यक्रमको व्यवस्था गरीएको छ । अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुका लागि परिचयपत्र वितरण गरिएको छ । हिंसाजन्य घटना पिडितको लागि नगरपालिका स्तरबाट सहयोगको व्यवस्था भइरहेको छ । महिलातथा सामाजिक वा आर्थिक रुपमा वहिष्करणमा रहेका नागरिकहरुका लागि सशक्तिकरण कार्यक्रमहरु संचालन गरिएका छन् ।

## ३. लैससासकोनीतिको आवश्यकता

लैससासको क्षेत्रमा नीतिगत तथा व्यवहारिक तवरबाट सुधारका पहलहरू भएता पनि दलित, महिला, अपाङ्गताभएका व्यक्ति, वालवालिका, जेष्ठ नागरिक तथा आदिवासी जनजाति र विपन्नवर्ग लगायत आर्थिक तथा सामाजिक रुपमा पछाडि रहेका नागरिकहरुको सामाजिक तथा आर्थिक जीवनमा उल्लेख्य सुधारहरू हुन सकेको छैन । सबै लक्षितवर्ग हरुलाई संगठित गर्न सकिएको अवस्था छैन । लक्षितवर्गमा अधिकार र विद्यमान कानुनी व्यवस्थाहरुको सम्बन्धमा जानकारीको कमी रहेको छ । निर्णायक तहमा महिला तथा लक्षितवर्गको अर्थपुर्ण सहभागिता हुन सकेको छैन् । प्राथमिकतामा रहेका लक्षित वर्गका कार्यक्रमको प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेका छैन । दलितहरु माथि हुने जातिय छुवाछुत लगायतका भेदभाव कायमै रहेको छ । बालश्रम तथा बालविवाहको अभ्यास कायम रहेको छ । नगरपालिका तहमा लैससासलाई

नीतिगत रुपमा सम्वोधन गर्दै संरचना, कार्यक्रम र अभ्यासमा लैससास मैत्री अभ्यासलाई अवलम्वन गर्नका लागि लैङ्गिक हिंसा निवारण कोषको स्थापना भइसकेको छ भने लैससास नीतिको आवश्यकता रहेको छ ।

## ४. सोच, लक्ष्य र उद्देश्यहरु

४.१ सोचः भेदभाव मुक्त, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजको निर्माण गर्ने ।

४.२ लक्ष्य : लैंङ्गिक, जातिय, वर्गिय सशक्तिकरण र मुलप्रवाहिकरण गर्दै सबै खालका विभेद र हिंसाको अन्त्य गर्ने ।

### ४.३ उद्देश्यहरु :

(क) सामाजिक वा आर्थिक रुपमा वञ्चितिकरणमा रहेका समुहहरुको सामाजिक, आर्थिक तथा राजनैतिक सशक्तिकरण र आधारभुत अधिकारहरुको सुनिश्चित गर्ने ।

(ख) लैङ्गिकता, जात जस्ता आधारमा हुने हिंसा, भेदभाव र वहिस्करणको अन्त्य गर्ने ।

(ग) राजनैतिक, आर्थिक, सार्वजनिक लगायत सम्पूर्ण निर्णायकतहमा महिला र सामाजिक तथा आर्थिक रुपमा वञ्चितमा रहेका समुदायहरुको अर्थपूर्ण समानुपातिक सहभागिता र समान पहुँचका अवसरहरुको सुनिश्चित गर्ने ।

(घ) विशेष प्राथमिकतामा रहेका लक्षित समुहहरुको क्षमताविकास तथा स्वरोजगारीका अवसरहरुको वृद्धि गर्ने ।

(ङ) नगरपालिकामा लैससास सम्वन्धी नीतिगत व्यवस्था, संरचना र कार्यक्रमहरुको प्रवर्द्धन गर्ने ।

(च) नगरपालिका, वडा कार्यालय र यसका शाखाहरुमा लैससास संवेदनशिल अभ्यासहरुको विकास गर्ने,

(छ) नगरपालिका र यस मातहतका योजनानिर्माण प्रकृया, कार्यान्वयन, अनुगमन र मुल्यांकन प्रकृयामा लैससासमैत्री कार्यप्रणालीको विकास गर्ने,

## ५. प्रमुखनीतिहरु

५.१ लैङ्गिक हिंसा, भेदभाव र बहिस्करणको अन्त्यका लागि न्यायमा समानपहुँच र आवश्यकता अनुसार संरक्षणात्मक उपायहरुको अवलम्वन गरिनेछ ।

५.२ लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमताअभिबृद्धि र जीवनस्तर सुधारका लागि बिशेष कार्यक्रमहरुलाई सञ्चालनमा ल्याईनेछ ।

५.३ लैङ्गिक हिंसा सम्वन्धी घटनाको कानुनी तथा न्यायिक सुनुवाइको सुनिश्चितता गरी हिंसा पिडित तथा प्रभावितहरुको न्यायमा पँहुचको विकास गरिनेछ ।

५.४ सबै प्रकारका हिंसा, शोषण तथा विभेद र वहिष्करण विरुद्ध शुन्य सहनशीलताको नीति अवलम्वन गरीने छ ।

५.५ आर्थिक, सामाजिक, राजनीतिक रुपले विपन्न एवं एकल महिलाहरुको लागि आय-आर्जन, क्षमता विकास र सशक्तिकरण गर्ने कार्यहरु कार्यान्वयनमा ल्याईनेछ ।

५.६ नगरपालिकाको वजेट प्रणालीमा लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई अवलम्वन गरिदै लगिनेछ ।

५.७ मानव बेचबिखन तथा गम्भिर प्रकृतिका लैङ्गिकतामा आधारित हिंसाहरुको अन्त्यका लागि टोल टोलमा समुह गठन, सचेतना अभिबृद्धीका लागि घुम्ती सूचना शिविर लगायतका कार्यहरु गरिनेछ । हिंसा पिडित तथा प्रभावितहरुका लागि अल्पकालिनतथा दिर्घकालिन संरक्षणको व्यवस्था गरिनेछ ।

५.८ परम्परागत हानिकारक अभ्यासहरुको अन्त्यका लागि समुदायको नेतृत्वमा सहभागितामुलक अभियानहरुको संचालन गरिनेछ ।

५.९ महिलाको यौन तथा प्रजनन् अधिकारको सुनिश्चित गरिनेछ । लिङ्ग पहिचान गरी गरिने गर्भपतनलाई निरुत्साहित गरिनका लागि साथै विद्यमान कानुनी व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।

५.१० कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार र हिंसाको अन्त्यका लागि आवश्यकपहल गरिनेछन् ।

५.११ नगरपालिकामा विशिष्टीकृत तथ्याङ्कहरुको व्यवस्था गरिनेछ । सोही विशिष्टीकृत तथ्याङ्कहरुको आधारमा आवश्यक योजना तथा कार्यक्रमहरु तय गरी कार्यान्वयन गरिनेछ ।

५.१२ महिला, दलित, आदिवासी, जनजाति, अल्पसंख्यक, लोपोन्मुख जाति र विपन्नवर्गका नागरिकहरुलाई सकारात्मक विभेद र आरक्षणको माध्यमबाट हरेक अवसर हरुमा उनीहरुको अर्थपूर्ण सहभागिताको सुनिस्चितता गरिनेछ ।

५.१३ आर्थिक कृयाकलाप, उद्यमशिलता र रोजगारी लगायतका अवसरहरुमा सबै नागरिकहरुको समावेशी प्रतिनिधित्वको प्रवर्धन गरिनेछ ।

५.१४ विभिन्न जातजाती तथा समुदायको लोपोन्मुख भाषा एवं सँस्कृतिहरुको संरक्षण र संवर्द्धन गरिने व्यवस्था मिलाईनेछ ।

५.१५ दलित, आदिवासी, जनजाती लगायत विशेष समुह समुदायहरुको परम्परागत पेशाहरुको संरक्षण, प्रवर्द्धन र आधुनिकीकरण गरी ब्यावसायीकरणमा जोड दिइनेछ ।

५.१६ हिंसा तथा दुर्व्यवहारमा परेका जेष्ठ जागरिक, महिला तथा अन्य नागरिकहरुलाई संरक्षण ,उपचार र मनोविमर्श तथा निःशुल्क सहायत ाउपलव्ध गराईनेछ ।

५.१७ संविधानको धारा २४ को छुवाछुत तथा भेदभाव विरुद्धको हकको आवश्यक कार्यान्वयनका सम्वन्धमा नीति, कार्यक्रम र बजेटको व्यवस्था गरी नगरपालिकालाई छुवाछुतमुक्त घोषणा गरिनेछ ।

५.१८ निःशुल्कउपचार, विमा, औषधीतथाअन्य सेवा सुविधाकाबारेमा दलित लगायत आर्थिक तथा

सामाजिक रुपमा सिमान्तकृत समुदाय सम्म पहुँचको विकास गरिनेछ ।

५.१९ कृषि, उत्पादन, घरेलु तथा मझौला उद्योगलाई बिशेष प्राथमिकता दिई त्यस्ता कार्य हरुमादलित तथा सिमान्त कृत समुदायको सहभागिता लाई विशेष जोड दिइनेछ । उनीहरुको व्यवसाय प्रवर्द्धनकालागि बजेट तथा कार्यक्रमको व्यवस्था गरिनेछ ।

५.२० नगरपालिकाभित्र सञ्चालनमा आउने ठुला आयोजना हरुमा दलित लगायत अन्यआर्थिक र सामाजिक रुपमा सिमान्तकृत समुदायलाई प्राथमिकताका आधारमा शेयर दिने व्यवस्था मिलाइने छ ।

५.२१ महिला, बालबालिका, दलित, आदवासी, जनजाति, उत्पिडित, विपन्नवर्ग, अपाङ्गतातथा पिछडिएका क्षेत्रका जनताको समानुपातिक सहभागिताका लागि नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

५.२२ महिला, बालबालिका, आदिवासी लगायत मानवअधिकार सँग सम्वन्धित नेपालले अनुमोदन गरेका संयुक्त राष्ट्र संघ तथा अन्तराष्ट्रिय घोषणाका प्रावधानहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न अभिप्रेरित गरिनेछ ।

५.२३ मानव निर्मित तथा प्राकृतिक प्रकोपको अवस्थामा महिला बालबालिका तथा जेष्ठ नागरिकका लागि संरक्षण कोषको व्यवस्था गरिनेछ ।

५.२४ संविधानको धारा ३९ को बालबालिकाको हकको आवश्यक कार्यान्वयनका सम्वन्धमा नीति कार्यक्रम र बजेटको व्यवस्था गरी नगरपालिकालाई बालश्रम मुक्त पालिका घोषणा गरिनेछ ।

६. रणनीति तथाकार्यनीतिहरु : यो नीति कार्यान्वयनका लागि निम्न राणनीति तथा कार्यनीतिहरु अवलम्वन गरिनेछ ।

| रणनीति | कार्यनीति |
|---|---|
| १. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को अवधारणालाई नीति तथा योजना प्रकृयामा मूल प्रवाहीकरण गरिनेछ । | १. नीति, नियम, कार्यविधि आदि बनाउँदा लैङ्गिक समानतातथा सामाजिक समावेशीकरणको अवधारणालाई समावेश र सम्बोधन गरिनेछ ।<br>२. तथ्याङ्क व्यवस्थापन प्रणालीमा सबै लिङ्ग तथा सामाजिक समूहहरुको खण्डीकृत तथ्याङ्क राख्ने व्यवस्था गरिनेछ ।<br>३. योजनानिर्माण प्रकृयामा सबै लिङ्ग तथा आर्थिक र सामाजिक समुह समुदायहरुको सहभागिता सुनिश्चित गरिनुका साथै समानुपातिक लाभ पाउने कुराको सुनिश्चिता गरिनेछ ।<br>४. विकास प्रक्रियामा कोही नछुटुन ( (Leave no one behind) सम्वन्धी मान्यतालाई आत्मसात गरी नीतितयार गरिनुका साथै सोहीअनुसार कार्यान्वयन गरिने छ ।<br>५. लैङ्गिकतथा सामाजिक हिंसाहरुमाशुन्य सहनशिलता अपनाइनेछ । |
| २. प्राविधिक तथा गुणस्तरीय शिक्षामा समावेशीपहुँच वृद्धि गरिनेछ । | १. समावेशी शैक्षिक गुणस्तर वृद्धि गर्न निरन्तर अनुगमनलाई प्रभावकारी कार्यान्वयन गरिनेछ ।<br>२. प्राविधिक शिक्षामा सामाजिक र आर्थिक रुपमावहिष्करणमा रहेका समुदायको पहुँच वृद्धि गरिनेछ ।<br>३. सबै तह र सबै पृष्ठभुमीका विद्यार्थीहरुमा समानपहुँच रहनेगरी विद्युतिय सूचना प्रविधिको उपलब्धता र सूचना प्रविधिमा आधारित शिक्षण सिकाइको अभ्यास हुने वातावरण तयार गरिनेछ । |
| ३. बालमैत्री, छात्रा मैत्री तथा अपाङ्गतामैत्री | १.सबै विद्यालयमा बालमैत्री, छात्रामैत्री तथा अपाङ्गतामैत्री संरचनानिर्माणलाई प्राथमिकतादिइने छ । |
| रणनीति | कार्यनीति |

| | |
|---|---|
| शैक्षिकपूर्वाधार, सामग्री र उपकरणको व्यवस्था गरी शिक्षा प्रणालीमा समावेशिता प्रवर्द्धन गरिनेछ । | २. सबै विद्यालयमा सेनेटरी प्याडको उपलब्धता र उपयुक्त प्रयोगलाई व्यवस्थित गराइने छ ।<br>३. विद्यालयमा छात्र छात्राका लागि छुटटाछुट्टै शौचालयको व्यवस्था गरिनेछ । छात्राले प्रयोग गर्ने शौचालय छात्रा मैत्री हुनेछन् ।<br>४. अपाङ्गता भएका छात्र छात्राका लागि सहज शैक्षिक सिकाइ वातावरण तयार गरिनेछ । |
| ४. जेष्ठ नागरिकहरुको सम्मान कालागि आवश्यक व्यवस्था गरिनेछ । | १. बैंकहरुसँग सहकार्यमार्फत् घुम्ती बैंकिङ सेवाविस्तार गरी सामाजिक सुरक्षाभत्ता टोलटोलमै वितरण गरी ज्येष्ठ नागरिकको जीवनमा थप सहजबनाइनेछ ।<br>२. हरेक वडामा प्रतिक्षालय (फुर्सदको समयमा छलफल गर्ने तथा आराम गर्ने सामुहिक स्थल) निर्माण गरी ज्येष्ठ नागरिकहरुको ज्ञान तथा अनुभव नयाँ पीढिमा हस्तान्तरणको वातावरण सिर्जना गरिनेछ ।<br>३. जेष्ठ नागरिकहरुका लागि निशुल्क स्वास्थ्य उपचार, सम्मान कार्यक्रम र जेष्ठ नागरिकहरु मथि हुन सक्ने संभावित विभेदको अन्त्यकालागि आवश्यक नीति, कार्यक्रम र सेवाको व्यवस्था गरिनेछ । |
| ५. लक्ष्यित वर्गको सशक्तिकरण तथा क्षमताविकास गरिनेछ । | १. नगरपालिका स्तर तथा वडास्तरमा सबै लक्षितवर्गका सञ्जाल गठन गरी कृयाशिल गराइने छ ।<br>२. परम्परागत हानीकारक अभ्यासहरुको अन्त्य गर्न सचेतना सहित प्रभावकारी कार्यक्रम सञ्चालन गरिनेछ ।<br>३. निर्णायक तहमा लक्षितवर्गको अर्थपुर्ण सहभागिताका लागि नीतिगत तथा व्यवहारिक तहबाट अग्रसरता लिइनेछ ।<br>४. लक्षितवर्गमा अधिकार र कानुनी व्यवस्थाको सम्बन्धमा क्षमताविकासका गतिविधि सञ्चालन गरिनेछ ।<br>५. एकल महिला तथा विशेष प्राथमिकता समुहहरुका लागि सीपमूलक तालिम तथा अन्य क्षमताअभिवृद्धि जिविकोपार्जन कार्यक्रमहरुमा प्राथमिकतादिई स्वरोजगारका अवसर वृद्धि गरिनेछ । |
| ६.लक्षितवर्गलाई स्वरोजगार तथा सुरक्षाका व्यवस्था गरिनेछ । | १. महिला, दलित, अपाङ्गताभएका व्यक्ति र विशेष समुह, समुदायहरुको स्थानीयस्तरमा रोजगारी का अवसरका सृजनागर्न आवश्यक तालिम तथा प्रोत्साहनका अवसर उपलब्धगराइने छ ।<br>२. लैङ्गिक हिंसाका घटना पिडित तथा प्रभावित हरुकालागि आवश्यकता अनुसार सुरक्षित गृह सहित जिविकोपार्जन कार्यक्रमको लागि विभिन्ननिकाय सँग समन्वय गरिनेछ ।<br>४. अनाथ तथा असहाय जेष्ठ नागरिकको लागि उचित व्यवस्था सहितको आवासीय सेवा उपलब्ध गराउन आवश्यक पहल गरिनेछ ।<br>५.विपन्न असाहय तथा अभिभावक गुमाएका बालबालिका संरक्षण कार्यक्रमलाई निरन्तरता दिन आवश्इक पहल गरिनेछ । |

## ७. लैससास नीतिको कार्यान्वयन र अनुगमन तथा मुल्यांकन

## ७.१ लैससास नीतिको कार्यान्वयन

नगरपालिकामा महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखामार्फत आवश्यक कर्मचारी र स्रोतको व्यवस्था गरी नीतिको प्रभावकारी कार्यान्वयन गरिनेछ। लैससास सम्पर्क बिन्दुको व्यवस्था गरिनेछ। सम्वन्धित शाखा तथा सम्पर्क विन्दुमार्फत लैससास सवालहरुको सम्वोधन गरिनेछ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्न विशेषत निम्नानुसारका कार्यहरू समेटिनेछन् :

- लैससाससँग सम्वन्धित नीतिगत व्यवस्थाहरु गर्ने,
- नगरपालिकामा लैससास वा सम्वन्धित फोकलशाखाको सुदृढीकरण गर्ने,
- लैससासलाई सम्पर्क विन्दुको व्यवस्था गर्ने,
- महिला,दलित, आदिवासी, जनजाति लगायत विशेष समुह समुदायहरुको सशक्तिकरणका लागिविशेष समन्वय समितिहरुको गठन र कृयाशिलता,
- नगरकार्यपालिका तहमा लैङ्गिक समानतातथा सामाजिक समावेशीकरण समितिको गठन गरी नीतिगत तहमा प्रभावकारी संरचना तयार गरी कृयाशिल वनाउने,
- न्यायिक समितिलाई समेत लससाससँग सम्वन्धित सवालहरुमा कृयाशिलै वनाउने,
- लैससाससँग सम्वन्धित विषयवस्तु तथा सवालहरुमा जनप्रतिनिधि, कर्मचारी, सरोकारवालाहरु त्था नागरिकहरुको क्षमता विकास गर्ने,
- वडा समितिहरुको सहजीकरणमा सबै वस्ती तहमा विभिन्न समूहहरूको प्रतिनिधित्व हुनेगरी लैससास मूलप्रवाहीकरण संयन्त्रहरुको व्यवस्था गर्ने,
- विकास प्रक्रियामा कोही नछुटुन (Leave no one behind) सम्वन्धी मान्यता नगरपालिकाका नीति तथा कार्यक्रममा आत्मसात गरिनेछ।
- लैङ्गिकतथा सामाजिक हिंसाहरुमाशुन्य सहनशिलतालाई प्रवर्द्धन गरिनेछ।

## ७.२ लैससास नीति को अनुगमन तथा मुल्यांकन :

यो नीतिको कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मूल्याङ्कन योजना तय गरिएको छ।

| अनुगमन र मुल्यांकन | समयावधि | जिम्मेवारी |
|---|---|---|
| चैमासिक प्रगति समिक्षा | प्रत्येक चार चार महिनामा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| अनुगमन | नियमित तथा निरन्तर | नगरपालिका, सरोकारवालाहरु र सामाजिक संघ संस्थाहरु सहितको अनुगमन समिति गठन गरी कृयाशिलबनाउने |
| वार्षिक समिक्षा तथा वार्षिक कार्य योजनातर्जुमा | प्रत्येक वर्षको जेठ मसान्तभित्र | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा |
| लैससाससँग सम्वन्धित तथ्यांकहरुको अद्यावधिक | प्रत्येक छ छ महिनामा | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा तथा सम्वन्धित शाखाहरु |

| | | |
|---|---|---|
| लैससाससँग सम्वन्धित वार्षिक स्थिती पत्रप्रकाशन गर्ने | वार्षिक | नगरपालिका तहको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण समिति |
| नीतिको कार्यान्वयन र उपलब्धीका सम्वन्धमा सार्वजनिक सुनुवाई | वार्षिक | नगरपालिका तथा वडा कार्यालयहरु |

## ८. नीति कार्यान्वयनमा आउन सक्ने जोखिमहरु

परम्परात हानीकारक अभ्यास तथा समाजमा रहेका हिंसा, विभेद लगायतका अभ्यासहरुले लैससासमा शुरुमा सबैको साथ नरहन पनि सक्दछ । समाजमा विभिन्न खालका लैससास विरुद्धका गतिविधि भईरहदा पनि यस्ता सवालमा आवाजदिनका लागि समाज तयार नहुन सक्दछ । समाजमा हिंसा, विभेद भएको अवस्थामा पनि सरोकारवालाहरु चुप रहन सक्दछन् । यस्ता जोखिमहरुको न्युनिकरणका लागि जन प्रतिनिधिहरुको नेतृत्वमा सामुहिक प्रतिवद्धता अभियान संचालन गरिनेछ । नगरपालिकाले विभिन्न सरोकारवालाहरुको समन्वयमा नियमित अनुगमन गर्नेछ । गाँउपालिकाका नीति, योजना र कार्यक्रममा विशेष लक्षित समुहको सर्वोत्तम हित प्राथमिकतामा रहनेछ । विशेष लिंग, समुह, समुदायमाथि हुने कुनै पनि प्रकारको हिंसा, विभेद, शोषण, बेवास्ता र हानीकारक अभ्यासहरुमा नगरपालिकाले शुन्य सहनशिलता अवलम्वन गर्नेछ ।

## ८.१ नीति कार्यान्वयनमा स्रोतको व्यवस्थापन

यो नीतिको कार्यान्वयनका लागि आवश्यक स्रोतको व्यवस्थापन नगरपालिकाले गर्नेछ । स्रोत व्यवस्थापनका लागि नगरपालिकाले विभिन्न सरोकारवाला निकायहरु, संघ संस्थाहरु तथा साझेदारहरुसँग आवश्यक समन्वय तथा सहकार्य गर्न सक्नेछ ।

## ९. लैससास अभियानका लागि सरोकारवालाहरु

लैससास नीतिको कार्यान्वयनका लागि यससँग सम्वन्धित कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनका लागि वडागत मुख्य सरोकारवालाहरुको पहिचान वार्षिक रुपमा गरिने छ । यीनै सरोकारवालाहरु सँगको समन्वय, साझेदारी र नेतृत्वमा यो नीतिलाई कार्यान्वयनमा ल्याइने छ । नीतिको कार्यान्वयनका लागि नगरपालिका र वडा दुवै तहमा लैससास वहुसरोकारवाला भेला, वहुसरोकारवालाको संयन्त्र गठन र कृयाशिलता गराइनेछ ।

## १०. नीतिको प्रचार प्रसार

स्थानिय संचार माध्यमहरुसँग सहकार्यता गरी लैससास नीति र यसका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । नगरपालिकाको वेभसाइट, सोसल मिडिया साइटहरुमा यस लैससास नीतिमा भएका व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ । नगरपालिकाका विभिन्न कार्यक्रमहरुमा पनि यो लैससास नीतिको व्यवस्थाहरुको प्रचार प्रसार गरिनेछ ।

## ११. नीतिको पुनरावलोकन

यो नीतिको प्रत्येक वर्ष वार्षिक समिक्षा गरी समयक्रम अनुसार गर्नुपर्ने पुनरावलोकन गरिनेछ । वार्षिक समिक्षाबाट प्राप्त सुझावहरुलाई नगर कार्यपालिकामा पठाई कार्यपालिकाबाट पारित गरी नगरसभा मार्फत नीतिको पुनरावलोकन सहित कार्यान्वयन गरिनेछ ।

## १२. मुल्यमान्यताहरु

लैससासको प्रवर्द्धनका लागि यस गाँउपालिको निम्न मुल्य मान्यताहरु रहेका छन् । यिनै मुल्यमान्यताको प्रवर्द्धन मार्फत यो लैससास नीतिका उद्देश्यहरुको प्राप्तिका लागि योगदान पुर्‍याइनेछ ।

क. नगरपालिकाको अगुवाईमा उपलब्धश्रोत तथा साधन हरुको लैससास अभियानमा बढी भन्दा बढी प्रयोग,

ख. नगरपालिकामा सबै खालका दुर्व्यवहार, विभेद, शोषण, हिंसामा शुन्य सहनशिलता अपनाउने,

ग. लक्षित समुहको सर्वोत्तमहित र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने,

घ. लैसासासका लागि प्रभावकारी समन्वय र सहकार्यलाई प्रवर्द्धन गर्ने,

ङ. लैससासलाई नीति, संरचना र अभ्यासमा मुलप्रवाहीकरण गर्ने ।

## १३. दिगो विकास लक्ष्य ४ र ५

**Goal 4:** Ensure inclusive and equitable quality education and promote lifelong learning opportunities for all.

**Outcome Targets [7]:**

4.1 Quality primary/secondary education for all.
4.2 Early childhood & pre-primary education.
4.3 Equal access to TVET & higher education.
4.4 Relevant skills for work.
4.5 Gender equality & equal access for all.
4.6 Youth and adult literacy.
4.7 Global citizenship education for sustainability.

**Means of Implementation [3]:**

4.a Safe & inclusive learning environments.
4.b Scholarships for higher education.
4.c Teachers' training and working conditions.

**SDG 5 and Targets:**

| Targets | Indicators |
|---|---|
| 5.1 End Discrimination | 5.1.1. Legal Frameworks |
| 5.2 End violence | 5.2.1 Domestic Violence<br>5.2.2 Sexual Violence |
| 5.3 End harmful practices | 5.3.1 Child and youth marriages<br>5.3.2 Female genital mutilation |

| | |
|---|---|
| 5.4 Recognize and value women's work | 5.4.4 Time spent on un/underpaid domestic/care work |
| 5.5 Full/equal participation in leadership and decision-making roles | 5.5.1 Women in governmental positions<br>5.5.2 Women in managerial positions |
| 5.6 Ensure healthcare and access to healthcare | 5.6.1 Informed decisions about sexual health<br>5.6.2 Number of nations with sexual health laws |
| 5.A Ensure economic rights | 5.A.1 Number of women owning land/in agriculture<br>5.A.2 Legal frameworks for women's rights to economic participation |
| 5.B Enhance technology use | 5.B.1 Women who own mobile phones |
| 5.C Establish policies and regulations | 5.C.1 Countries tracking empowerment |

**१४. नेपालको संविधान २०७२ को मौलीक हक र कर्तब्य अर्न्तगतका ब्यबस्थाहरुः**

**१४.१ धारा १८ समानताको हकको व्यवस्था अनुसार :**

(१) सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन ।

(२) सामान्य कानूनको प्रयोगमा उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, शारीरिक अवस्था, अपांगता, स्वास्थ्य स्थिति, वैवाहिक स्थिति, गर्भावस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन ।

(३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिंग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन ।

(४) समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन ।

(५) पैतृक सम्पत्तिमा लैंगिक भेदभाव विना सबै सन्तानको समान हक हुनेछ । जस अनुसार सवै नागरिक कानूनको दृष्टिमा समान हुनेछन् । उक्त धाराको उपधारा ३ मा जोखिममा रहेका र विकासको मूलधारवाट पछाडि परेका वर्गको संरक्षण, सशक्तिकरण र विकासकालागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने प्रावधान रहेको छ ।

**१४.२ धारा २४ छुवाछूत तथा भेदभाव विरुद्धको हकको ब्यबस्था अनुसार :**

(१) कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछूत वा भेदभाव गरिने छैन ।

(२) कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन ।

(३) उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको

प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छै न ।

(४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

(५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

**१४.३ धारा ३८ महिलाको हकको ब्यबस्था अनुसार :**

(१ ) प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।

(२) प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।

(३) महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

(४) राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।

(५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

(६) सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

**१४.४ धारा ३९ बालबालिकाको हकको ब्यबस्था अनुसार :**

(१) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।

(२) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।

(३) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ ।

(४) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।

कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।

(६) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।

(७) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।

(८) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।

(९) असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।

(१०) उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ

**१४.५ धारा ४० दलितको हकको ब्यबस्था अनुसार :**

(१) राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ । सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ । २) दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानून बमोजिम छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था गरिनछ । प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(३) दलित समुदायलाई स्वास्थ्य र सामाजिक सुरक्षा प्रदान गर्न कानून बमोजिम विशेष व्यवस्था गरिनेछ ।

(४) दलित समुदायलाई आफ्नो परम्परागत पेशा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेशासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ ।

(५) राज्यले भूमिहीन दलितलाई कानून बमोजिम एक पटक जमीन उपलब्ध गराउनु पर्नेछ। (६) राज्यले आवासविहीन दलितलाई कानून बमोजिम बसोबासको व्यवस्था गर्नेछ।

(७) दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा रहेका दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नु पर्नेछ।

**१४.६ धारा ४२ सामाजिक न्यायको हकका ब्यबस्था अनुसारः**

(१) सामाजिक रूपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेशी, थारू, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तीकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ।

(२) आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुनेछ।

(३) अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ।

(४) प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ।

(५) नेपालमा अग्रगामी लोकतान्त्रिक परिवर्तनका लागि भएका सबै जन आन्दोलन, सशस्त्र संघर्ष र क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, लोकतन्त्रका योद्धा, द्वन्द्वपीडित र विस्थापित, अपांगता भएका व्यक्ति, घाइते तथा पीडितलाई न्याय एवं उचित सम्मान सहित शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा कानून बमोजिम प्राथमिकताका साथ अवसर पाउने हक हुनेछ।

**१५. सन्दर्भ सूची**


- . स्थानीय निकायका महिला जन प्रतिनिधिहरूको क्षमता अभिवृद्धि कार्यक्रम सम्वन्धी प्रशिक्षक प्रशिक्षण निर्देशिका महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम।
- महिला पुरुष समविकास महिलाका कानुनी अधिकार तथा स्वायत्त शासन विषयकः स्थानीय महिला जनप्रतिनीधिहरूको क्षमता अभिवृद्धि कार्यक्रम सहभागी पुस्तिका। महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम।
- नेपालको संविधान - २०७२।
- महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि राष्ट्रिय कार्ययोजना, २०६०।
- लैङ्गिक समानता तथा महिला सशक्तिकरणका लागि राष्ट्रिय कार्ययोजना, २०६१।
- संयुक्त राष्ट्र संघ, सुरक्षा परिषद्बाट पारित प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना , २०६७/६८- २०७१/७२।
- मानव बेचविखन विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना, २०६८।
- लैङ्गिक हिंसा अन्त्य तथा लैङ्गिक सशक्तीकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्ययोजना, २०६९/७० - २०७३/७४।
- लैङ्गिक समानता र महिला सशक्तिकरण सम्वन्धि वेइजीङ्ग कार्ययोजना।
- महिला र वालवालिका वेचविखन नियन्त्रण सम्वन्धी राष्ट्रिय कार्ययोजना।
- वालवालिका सम्वन्धी दश वर्षे राष्ट्रिय कार्ययोजना।
- मानवअधिकार कार्य योजना।
- क्षेत्रगत निकायको नीति तथा रणनीतिहरु।

- मुलुकी ऐन, २०२०
- कुटपिट, ज्यान सम्बन्धीको, जबरजस्ती करणीको, आशय करणीको, अपहरण तथा शरीर बन्धक लिनेको, अदालतको अंशबण्डाको महलहरू
- लैङ्गिक समानता कायम गर्ने संपूर्ण व्यवस्थाहरू
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४
- सार्वजनिक अपराध ऐन, २०२८
- महिला आयोग ऐन, २०६३
- नेपाल प्रहरी ऐन, २०१२
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९
- घरेलु हिंसासम्बन्धी (कसुर र सजायसम्बन्धी) ऐन, २०६६

**धन्यवाद** !!!

प्रमाणित मिति :